IT

पाँचथर जिल्ला अदालतबाट प्रकाशित

१५ दिने सूचना

(बिगो नं. १४/४९, तहसिल शाखा)

सूचना । सूचना ।। सूचना ।।।

दरखास्तवाला/ वादी जिल्ला पाँचथर साविक लुङरुपा-३ हाल फालेलुङ गा.पा. वडा नं. ५ बस्ने होमकुमारी खपाङगी प्रतिबादी जिल्ला पाँचथर साविक प्राङवुङ-३ हाल फालेलुङ गा.पा. वडा नं. ५ बस्ने गणेशप्रसाद काफ्ले भएको मु.नं. ०७७-CP-०१५ को लेनदेन मुद्दामा यस अदालतको मिति २०७७/०९/२२ को फैसला बमोजिम नगद साँवा रकम रु.१,५०,०००/- र सो को लिखत भएको मिति २०७१/१२/२१ देखि भरिभराउ मिति सम्मको कानून बमोजिम हुन आउने ब्याज रु. १,०२,०४१।७३ समेतको जम्मा बिगो रकम रु.२,५२,०४१।७३ तथा अदालती शुल्क रु.६१२५।– र पछि दाखिला गर्ने नपुग अदालती शुल्क रु.४१५।८३ समेत भराई पाऊँ भनी वादीको मिति २०७७/१२/०२ मा दरखास्त परी कारवाहीक्रममा प्रतिबादीको नाममा १५ दिने जनाउ म्याद जारी गरिएकोमा सो म्याद मिति २०७७/१२/१० मा तामेल भई निर्दिष्ट मिति भित्र प्रतिवादीले सो रकम दाखिल नगरेको हुँदा वादीले बिगो भराई पाँउ भनी देखाएको तपसिल बमोजिमको प्रतिवादीका बाबुको नाममा दर्ता रहेको जेथाको डाक लिलाम गरी बिगो भराईदिनका लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ। उक्त जेथाको पञ्चकिर्ती मूल्य मिति २०७८/०९/०६ मा कायम भईसकेकोले बिगोले खामेसम्मको जेथा पञ्चकिर्ती मूल्यका दरले लिलाम हुने हुँदा मिति २०७८/१०/१० गतेको डाक बढावढ तारेख तोकिएको छ। यो सूचना तपसिलको जग्गामा-१, फालेलुङ गा.पा. ५ नं. वडा कार्यालयमा-१, मालपोत कार्यालय, फिदिममा-१ तथा यस अदालतको सूचना पाटीमा समेत टाँस गरिएको छ। डाक बढाबढ गर्न इच्छुक महानुभावले मिति २०७८/१०/१० गते दिनको १० बजे यस अदालतमा उपस्थित भई डाक बढाबढमा भाग लिनुहोला। पञ्चकिर्ती मूल्य भन्दा बढी जसको डाक बढाबढ हुन्छ उसैले डाक सकार गरिलिन पाउनेछ। आँफूले डाक बोलेको रकमको १०% रकम सोहि दिन अदालतमा चुक्ता बुझाउनु पर्नेछ र बाँकी रकम ७ दिन भित्र बुझाउनु पर्नेछ। सो समयभित्र बाँकी रकम नबुझाएमा पहिले बुझाएको १०% रकम जफत हुनेछ। मूल्य पूरा हुन नआएमा लिलाम बिक्री हुने छैन। लिलामको दिन अदालत बिदा भए त्यसको भोलि पल्ट डाक हुनेछ। अन्य कुनै जानकारी लिनु परे अदालतको समयमा जानकारी लिन सकिने बेहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिलः

| क्र.सं. | दर्तावाला | जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | पञ्चकृते मूल्य |
|---|---|---|---|---|---|---|---|
| १. | गणेशप्रसाद काफ्ले | पाँचथर | प्राङवुङ | ४क | १५१ | ५-१५-२-१ | रु.२५,०००।- |

ईति सम्वत २०७८ साल पुष महिना १९ गते रोज ३ शुभम्---------------------------------------------